## अनुसूची - २

( दफा ४ तथा अनसूची-२ को भाग-२ सँग सम्बन्धित )


# भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ संख्या १४ मितिः २०८१/१२/२६

**भाग-२**

**भीरकोट नगरपालिका**


# कृषक सम्मान कार्यक्रम संचालन मापदण्ड २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/२२**

**प्रस्तावनाः**

कृषि तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा संलग्न कृषकहरुलाई थप प्रोत्साहन गरी कृषि पेशालाई सम्मानित तथा थप व्यवसायिक बनाउन भीरकोट नगरपालिकाद्वारा संचालन गरिने कृषक सम्मान कार्यक्रम कार्यान्वयन गर्न कृषक सम्मान कार्यक्रम संचालन मापदण्ड २०८१ तयार गरिएको छ।

## परिच्छेद-१

## प्राविधिक पक्ष

**१. संक्षिप्त नाम र प्रारम्भः**

यस मापदण्डको नाम "कृषक सम्मान कार्यक्रम संचालन मापदण्ड, २०८१ रहेको छ ।

यो मापदण्ड तुरुन्त कार्यान्वयनमा आउने छ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) नगरपालिका भन्नाले भीरकोट नगरपालिका सम्झनु पर्छ।

(ख) नगर प्रमुख भन्नाले भीरकोट नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(ग) उप प्रमुख भन्नाले भीरकोट नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ।

(घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले भीरकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) कार्यपालिका भन्नाले नगर कार्यपालिका सम्झनु पर्दछ।

(च) आर्थिक विकास समितिको संयोजक भन्नाले नगरपालिकाको विषयक्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समितिको संयोजक सम्झनु पर्दछ ।

(छ) कृषि तथा पशु सेवा शाखा भन्नाले भीरकोट नगरपालिका अन्तर्गत कृषि तथा पशु सेवा शाखा सम्झनु पर्दछ।

(ज) कार्यालय भन्नाले भीरकोट नगरपालिकाको कार्यालय सम्झनु पर्छ।

(झ) कृषक भन्नाले कृषि पेशामा आवद्ध व्यवसायिक रुपमा कृषि बाली, पशुपन्छी, माछा, तथा घाँस खेती लगायतका कृषि व्यवसाय गर्ने कृषि उद्यमी र निजी फर्म समेतलाई सम्झनु पर्छ।

(ञ) कृषक सम्मान कार्यक्रम भन्नाले भीरकोट नगरपालिकाबाट कृषकहरुलाई प्रदान गरिने पुरस्कार/कृषक सम्मान कार्यक्रमलाई सम्झनु पर्दछ।

(ट) यस मापदण्डमा प्रयोग भएको उत्कृष्ट शब्दले सर्वोत्कृष्ट समेतलाई जनाउँछ।

## परिच्छेद-२
## कार्यक्रम संचालन प्रकृया

**३. कृषक सम्मान कार्यक्रमः**

कृषक सम्मान कार्यक्रम संचालन प्रकृया देहाय अनुसार हुनेछ।

१) कार्यालयले संचालन गर्ने सेवा अन्तर्गतका फरक-फरक विधाहरुका जम्मा १० जना कृषकहरुलाई तोकिएको मापदण्ड पुरा गरेका उत्कृष्ट कृषकहरु छनौट गरिने छन् ।

२) उपदफा १ बमोजिम उत्कृष्ट कृषक छनौट गर्दा यस्तै प्रकृतिको पुरस्कारबाट एक पटक पनि पुरस्कृत नभएको कृषकलाई प्राथमिकता दिइने छ। पुरस्कृत भएको कृषकलाई यस्तो प्रकृतिको पुरस्कारमा कम्तिमा ३ वर्षसम्म समावेश गर्न पाईने छैन ।

**४. सूचना प्रकाशनः**

यस नगरपालिकाको कृषक सम्मान कार्यक्रममा सहभागी हुन इच्छुक उत्कृष्ट कृषकहरुलाई छनौटका आधारहरु सहित दरखास्त आवेदन आव्हानका लागि सूचना प्रकाशन गरी देहाय अनुसार आवेदन संकलन गर्नेछन।

१) कृषक सम्मान कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरुका लागि कार्यालयले १५ दिने म्याद सहितको अनुसूची १ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी आवेदन आव्हान गर्नु पर्दछ। यस्तो सूचना आव्हान गर्दा सम्भव भए सम्म सबै कृषकको पहुँच पुग्ने माध्यमवाट प्रकाशन प्रसारण गर्नु पर्नेछ।

२) कार्यक्रममा सहभागी हुन कृषकहरुले कार्यालयले तोकेको अनुसूची २ र अनुसूची ३ बमोजिमको ढाँचामा विवरण स्पष्टसँग भरी आवेदन पेश गर्नु पर्नेछ।

३) कार्यालयले कृषि तथा पशु सेवा शाखामा आवेदन दर्ता गर्न सकिने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

## ५. आवेदन मूल्याङ्कन तथा छनौटः

१) उत्कृष्ट कृषकहरुवाट पेश भएका आवेदन अनुसूची ४ अनुसारको मूल्याङ्कनका आधारमा मूल्याङ्कन गरी छनौटका लागि सिफारिस गर्ने कार्य उपदफा २ वमोजिमको मूल्याङ्कन समितले गर्नेछ ।

२) उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समिति देहाय बमोजिम हुनेछ।

| | | |
|---|---|---|
| १) | संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| २) | सदस्य | आर्थिक विकास समिति संयोजक |
| ३) | सदस्य | योजना अधिकृत |
| ४) | सदस्य | कृषि शाखा प्रमुख |
| ५) | सदस्य | पशु सेवा शाखा प्रमुख |

३) समितिले सम्बन्धित कार्यालयबाट अन्य सदस्यहरु आमन्त्रण गर्न सक्नेछ।

४) समितिले आफ्नो काम कारवाहीमा सहजता ल्याउन समितिका सदस्य मध्येबाट १ जनाको संयोजनकत्वमा उप समिति गठन गर्न सक्ने छ।

## ६. उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समितिको काम कर्तव्य र अधिकारः

उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१) प्राप्त आवेदनहरुको स्थलगत अध्ययन अवलोकनद्वारा प्राविधिक र आर्थिक पक्षको विश्लेषण गर्ने ।

२) गठित उप समितिलाई उत्कृष्ट कृषक छनौट गर्ने आधिकार वाहेकका अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ।

३) समितिले समग्र विषय वस्तुको अध्ययन एवम् विश्लेषण गरी उपयुक्त आवेदनहरुको योग्यताक्रम सूची तयार गरी अन्तिम सूची प्रकाशन गर्नेछ।

**७. उत्कृष्ट कृषक घोषणा एवं सम्मान तथा पुरस्कार वितरणः**

१) उत्कृष्ट कृषक मूल्याङ्कन तथा छनौट समितिको प्रतिवेदनको आधारमा कार्यालयले फरक फरक विधाका दश जना उत्कृष्ट कृषकको घोषणा गर्नेछ। साथै सम्मान एवम् पुरस्कार वितरण कार्यक्रमको आयोजना गरी नगद र प्रमाण प्रत्र सहित सम्मान गरिनेछ।

२) उपदफा १ बमोजिम सम्मानित हुने उत्त्कृष्ट कृषकलाई पुरस्कार वितरण तथा सम्मान कार्यक्रममा उपस्थितिका लागि आमन्त्रणको व्यवस्था गर्नेछ।

**८. अनुगमन मूल्याङ्कनः**

उत्कृष्ट कृषक सम्मान कार्यक्रम कार्यान्वयनको क्रममा तथा कार्यक्रमको प्रभावकारिता अध्ययनका लागि कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई कुनै पनि समयमा अनुगमन गर्न सक्नेछ ।

## परिच्छेद-३
## आर्थिक पक्ष

९. यस मापदण्ड बमोजिम छनौट भएका कृषक, कृषक समुह, सहकारी संस्थालाई प्रमाण पत्र सहित उपदफा २ बमोजिमको नगद पुरस्कार निजको बैंक खातामा भुक्तानी हुने प्रबन्ध मिलाइनेछ ।

१०.उत्कृष्ट कृषक सम्मान पुरस्कारको संख्या र राशी देहाय बमोजिम हुनेछ

| क्र.स. | पुरस्कारको विधा | पुरस्कृत गरिने संख्या | प्रति पुरस्कार राशी रु. |
|---|---|---|---|
| १) | गाई पालन | १ | १०००० |
| २) | भैंसी पालन | १ | १०००० |
| ३) | बाख्रा पालन | १ | १०००० |
| ४) | बंगुर पालन | १ | १०००० |
| ५) | फलफूल खेती | २ | १०००० |
| ६) | खाधान्न बाली | १ | १०००० |
| ७) | तरकारी खेती | १ | १०००० |
| ८) | फलफूल नर्सरी | १ | १०००० |
| ९) | नवीनतम कार्य | १ | १०००० |

## परिच्छेद-४
## विविध

**११. पुरस्कार तथा कार्वाहीको व्यवस्थाः**

झुटा विवरण पेश गरी पुरस्कार एवम् सम्मान प्राप्त गरेको पाइएमा प्रचलित कानून वमोजिम कारवाही गरी सरकारी सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ।

**१२. अमान्य हुनेः**

यस मापदण्डमा भएका व्यवस्था विषयहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**१३. वाधा अड्काउ**

१) यस मापदण्डमा उल्लिखित विषयवस्तुका सम्बन्धमा कुनै अस्पष्टता भएमा सोको व्याख्या समितिले गरे बमोजिम हुनेछ।

२) यस मापदण्डलाई आवश्यकता अनुसार कार्यालयको निर्देशनमा संशोधन तथा परिमार्जन गर्न सकिने छ।

३) मापदण्ड कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यालयको हुनेछ ।

## अनुसूची-१

### (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

### उत्कृष्ट कृषक सम्मान कार्यक्रममा सहभागी हुने आवेदन आव्हानको सूचना

भीरकोट नगरपालिकाको आ.व. ...................... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि पेशामा आवद्ध कृषक, निजि व्यवसायीहरुलाई सम्मान पुरस्कृत गर्न कृषक सम्मान कार्यक्रम रहेको हुँदा भीरकोट नगरपालिका भित्रका इच्छुक कृषक, कृषक समुह र कृषक व्यवसायीबाट आवेदन आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयको कृषि तथा पशु सेवा शाखामा तपसिल अनुसारको कागजात संलग्न गरी आवेदन पेश गर्नुहुन अनुरोध छ। थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

आवश्यक कागजातहरु

१. सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र
२. कृषि तथा पशु सेवा शाखाको सिफारिस पत्र
३. स्थायी लेखा नं प्रमाण पत्र
४. गत आ.व. सम्मको करचुक्ता प्रमाण पत्र
५. नेपाली नागरिकताको प्रमाण पत्र

## अनुसूची-२
## (दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
## निवेदन ढाँचा

मितिः

श्रीमान् कार्यालय प्रमुख ज्यू,
भीरकोट नगरपालिका
बयरघारी, स्याङ्गजा

विषयः कार्यक्रममा सहभागी हुन पाउँ।

महोदय

मिति .................................. तहाँ कार्यालयको सार्वजनिक सूचना अनुसारको कार्यक्रममा सहभागी हुन म कृषक/ व्यवसायी .............................................................. ले अनुसूची-३ अनुसारको फाराम भरि यो आवेदन पेश गरेको छु।

निवेदक
नाम थरः
ठेगानाः
फर्मको नामः
सम्पर्क नंः
मितिः
फर्मको छापः

## अनुसूची-३

## (दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## कृषकले निवेदन सँगै पेश गर्नुपर्ने व्यावसायिक विवरण फारामको नमुना

१. कृषकको नामः

२. ठेगानाः

३. सम्पर्क नंः

४. पूर्वाधार विवरण

| क्र.स. | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | आफ्नै स्वामित्वमा रहेको कुल जग्गाको क्षेत्रफल | | | |
| २ | कुल खेति गरिएको क्षेत्रफल | | | |
| ३ | पशुपालनका लागि प्रयोग गरिएको जग्गाको क्षेत्रफल, घाँस खेति समेत | | | |
| ४ | सिंचित क्षेत्रफल | | | |
| ५ | सिंचाइको श्रोत | | | |
| ६ | पशुपालनमा प्रयोग भएका यन्त्र उपकरणहरुको विवरण | | | |
| ७ | मिनी टिलर/ ट्र्याक्टर/ पावर टिलर | | | |
| ८ | ग्रास कटर, च्याफ कटर, विडर, खाडल खन्ने उपकरण, बीउ प्रशोधन मेशिनहरु आदि | | | |
| ९ | माछापालनमा प्रयोग हुने एरेटर, दाना बनाउने यन्त्र, जाल, महाजाल, आदि | | | |
| १० | अन्य उपकरण | | | |

५. खेति गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरणः

| क्र.स. | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | खाधान्नबाली | | | |
| क) | धान | | | |
| ख) | गहुँ | | | |
| ग) | मकै | | | |
| घ) | कोदो | | | |
| ङ) | जौ | | | |
| च) | फापर | | | |
| छ) | आलु | | | |

| | | | | |
|---|---|---|---|---|
| ज) | खाधान्न बिज वृद्धि | | | |
| २ | दालबाली | | | |
| ३ | तेलबाली | | | |
| ४ | तरकारी बाली | | | |
| क) | वर्षे तरकारी | | | |
| ख) | हिउँदे तरकारी | | | |
| ग) | बेमौसमी तरकारी | | | |
| घ) | तरकारी बीज वृद्धि | | | |
| ५ | मसलाबाली | | | |
| ६ | अलैची | | | |
| ७ | चिया/ कफी | | | |
| ८ | फलफूलबाली | | | |
| ९ | घाँसखेति | | | |
| १० | मौरीपालन | | | |
| ११ | पुष्पखेती | | | |
| १२ | माछापालन | | | |
| १३ | फलफूल नर्सरी | | | |
| १४ | च्याउ खेति | | | |
| क) | सिताके (मुडे) च्याउ | | | |
| ख) | अन्य | | | |

६. पशुपन्छी पालन तथा उत्पादन विवरणः

| क्र.स. | विवरण | इकाई | परिमाण/ उत्पादन | कैफियत |
|---|---|---|---|---|
| १. | दुधालु पशु (गाई, भैंसी, चौरी, आदि) | | | |
| २ | दुध उत्पादन | | | |
| ३ | अन्य प्रशोधित उत्पादन | | | |
| ४ | साना पशु (बाख्रा, भेडा, बंगुर) | | | |
| ४ | मासु उत्पादन | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | प्रजननको लागि पालिएको पशुको विवरण | | | |
| ६ | हाँस, कुखुरापालन | | | |
| ७ | अन्डा उत्पादन | | | |
| ८ | माछा उत्पादन | | | |

७. निम्न विषयमा सहभागी कृषकको दक्षताः

| क्र.स. | दक्षताको क्षेत्र | स्थिती |
|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (भएको/नभएको) | |
| ३ | प्रविधि विस्तारमा योगदान (गरेको/नगरेको) | |
| ४ | रोग/ किराको उचित व्यवस्थापन (गरेको/नगरेको) | |
| ५ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धि रेकर्ड (राखेको/नराखेको) | |
| ६ | भकारो एबं गोठ सुधार (गरेको/नगरेको) | |
| ७ | कुनै किसिमको पुरस्कार प्राप्त (गरेको/नगरेको) | |
| ८ | नविन प्रविधिको विकास (गरेको/नगरेको) | |
| ९ | कृषि तथा पशु विमा (गरेको/नगरेको) | |
| १० | संक्रामक रोग विरूद्ध नियमित खोप (लगाएको/नलगाएको) | |
| ११ | जैविक सुरक्षाको प्रवन्ध (गरेको/नगरेको) | |
| १२ | रोजगारी शृजना (गरेको/नगरेको) | |

८. कृषि पेशाबाट वार्षिक पारिवारिक आम्दानी स्थितीः

| क्र.स. | वार्षिक आम्दानी विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशुपालनबाट | | |
| ३ | कृषि पेशा अन्तर्गत पर्ने अन्य कुनै माध्यमबाट | | |
| जम्मा आम्दानी | | | |

**अनुसूची-४**

**(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**

**उत्कृष्ट कृषक सम्मान कार्यक्रममा सहभागिताका लागि न्युनतम मापदण्ड**

| क्र.स. | बाली/ वस्तुको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) | कैफियत |
|---|---|---|---|
| १ | अन्नबाली र आलु | ३ रोपनी | |
| २ | दलहन र तेलहन बाली | २ रोपनी | |
| ३ | तरकारी | २ रोपनी वा प्लास्टिक घर भित्र १ रोपनी | |
| ४ | पुष्प | १ रोपनी | |
| ५ | मसलाबाली | २ रोपनी | |
| ६ | अलैची | ३ रोपनी | |
| ७ | च्याउ | ५०० किलो | |
| ८ | फलफूल | ५ रोपनी | |
| ९ | फलफूल नर्सरी | संरक्षित संरचना- १ रोपनी, खुला- २ रोपनी | |
| १० | चिया/ कफी | २ रोपनी | |
| ११ | मौरीपालन | २० घार | |
| १२ | माछापालन | ३ रोपनी | |
| १३ | भेडा/बाख्रा (च्यांग्रा समेत) | १० माउ | |
| १४ | बंगुर/ सुँगुर | १० माउ | |
| १५ | गाई, भैंसी | ५ माउ | |
| १६ | कुखुरा | ५०० | |
| १७ | हाँस/ अन्य | ५०० | |
| १८ | घाँस खेती | ४ रोपनी | |
| १९ | खाधान्न बिज वृद्धि | ५ रोपनी | |
| २० | तरकारी बीज वृद्धि | ३ रोपनी | |

## अनुसूची ५ (क)
## (दफा ६ सँग सम्बन्धित)
## उत्कृष्ट कृषक सम्मान कार्यक्रमका लागि कृषकले पेश गरेको विवरण तथा स्थलगत अनुगमनको मूल्यांकनका आधारहरुः

| क्र.स. | बाली/ वस्तु | पूर्णाङ्क | प्रसाङ्क |
|---|---|---|---|
| १ | गाई/ भैसी | | |
| | २० भन्दा बढी उन्नत माउ | १५ | |
| | १०-२० उन्नत माउ | १० | |
| | ५-१० उन्नत माउ | ५ | |
| २ | भेडा/बाख्रा | | |
| | २० भन्दा बढी माउ | १५ | |
| | १०-२० माउ | १० | |
| | ५-१० माउ | ५ | |
| ३ | बंगुर | | |
| | १५ भन्दा बढी माउ | १५ | |
| | ५-१५ माउ | १० | |
| | १-५ माउ | ५ | |
| ४ | कुखुरा | | |
| | ३००० भन्दा बढी | १५ | |
| | १०००-३००० | १० | |
| | ५००-१००० | ५ | |
| ५ | हाँस/ अन्य | | |
| | ५०० भन्दा बढी | १५ | |
| | २५०-५०० | १० | |
| | २५० | ५ | |
| ६ | घाँस खेति | | |
| | २० रोपनी भन्दा माथि | १५ | |
| | १०-२० रोपनी | १० | |
| | ५-१० रोपनी | ५ | |
| ७ | मत्स्य पालन | | |
| | २० रोपनी भन्दा माथि | १५ | |
| | १०-२० रोपनी | १० | |
| | ५-१० रोपनी | ५ | |

**अनुसूची ५ (ख)**

**(दफा ६ सँग सम्बन्धित)**

**उत्कृष्ट कृषक सम्मान कार्यक्रमका लागि कृषकले पेश गरेको विवरण तथा स्थलगत अनुगमनको मूल्यांकनका आधारहरुः**

| क.स. | मूल्यांकनका आधार | पूर्णाङ्क | प्रप्ताङ्क |
|---|---|---|---|
| १ | श्रोतसाधनको उपलब्धता एबं सदुपयोग | १० | |
| २ | स्थानीय समुदायमा अनुभवको आदान प्रदान एबं योगदान | १० | |
| ३ | उत्पादन र उत्पादकत्व | १५ | |
| ४ | रोजगारी सिर्जना | १० | |
| ५ | कृषि उत्पादनको बजारीकरण | १० | |
| ६ | नवीनतम कार्य | ५ | |
| ७ | कृषि व्यवसायबाट प्राप्त आम्दानी एबं प्रतिफलको स्थिति | १० | |
| ८ | प्राविधिक ज्ञान र उन्नत प्रविधि प्रयोगको स्थिति | १० | |
| ९ | कृषि व्यवसायको दिगोपना | १० | |
| १० | सम्बन्धित निकायसंगको समन्वय र पहुँच | ५ | |
| ११ | यस अघि पुरस्कार प्राप्त नगरेको आवेदक | ५ | |
| जम्मा | | १०० | |

नोटः समितिले मुल्यांकन गर्दा उल्लिखित मापदण्डको आधारमा उप-आधारहरु तयार गर्न सक्नेछ ।

आज्ञाले,
उदयबहादुर पराजुली
प्रमुख प्रशासकीय अधिकृत